# रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्या ४ः मितिः२०८२/०९/०२

## भाग -२

## रघुगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रघुगंगा,म्याग्दी

**रघुगंगा गाउँपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८२**

रघुगंगा गाउँपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८२

**प्रस्तावना**ः नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न वाञ्छनिय भएकाले रघुगंगा गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "रघुगंगा गाउँपालिका अन्तर्गतका करार कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धगराउने कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ।

**२. परिभाषा**ः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले "रघुगंगा गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८२" सम्झनु पर्दछ।

(ख) "गाउँकार्यपालिका" भन्नाले रघुगंगा गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ग)"गाउँपालिका" भन्नाले रघुगंगा गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले रघुगंगा गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

(ङ) "वडा" भन्नाले रघुगंगा गाउँपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(च) "अध्यक्ष" भन्नाले रघुगंगा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(छ) "उपाध्यक्ष" भन्नाले रघुगंगा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रघुगंगा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ।

(ञ) "करारका कर्मचारी" भन्नाले रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तानी गर्न स्वीकृत दरबन्दीमा रहेका करार सेवाका सवारी चालक र कार्यालय सहयोगी कर्मचारीहरुलाई समेत सम्झनु पर्दछ।

(ट) "रोजगारदाता"भन्नाले रोजगारी सिर्जना गर्ने कार्यालय रघुगंगा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ठ) "योगदानकर्ता" भन्नाले रघुगंगा गाउँपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**३. जिम्मेवारी र उत्तरदायित्वः**

(१) गाउँपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउदै लैजानु रघुगंगा गाउँपालिका गाउँकार्यपालिका कार्यालयको जिम्मेवारी रहेन छ।

(२) गाउँकार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने कर्मचारीहरुको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँसभाबाट विनियोजित गराउनु पर्नेछ।

(३) रघुगंगा गाउँपालिका गाउँ कार्यपालिका कार्यालयमा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात स्वतःलागु हुनेछ। कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ।

(४) रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ।

**४. समिति गठनः** (१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरी आवद्ध गराउन देहाय बमिजिमको समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

(घ) आर्थिक प्रशासन शाखा                      सदस्य

(ङ) कर्मचारी प्रशासन शाखा प्रमुख- सदस्य सचिव

**(२) उपदफा (१) बमिजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः**

(क)गाउँकार्यपालिकामा स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने ।

(ख)  नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने।

(ग) अनलाईन माध्यमबाट गाउँकार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरी सूचिकरण गर्ने वा गराउने।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने।

**५. थपघट, हेरफेर वा संशोधनः** गाउँसभा/कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ।

**६. बाधा अड्काउ फुकाउः** यो कार्वविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

**७. खारेजी तथा बचाउः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**आज्ञाले**
**कुलराज पौडेल**
**प्रमुख प्रशासकिय अधिकृत**